## *आर्थिक वर्ष २०७८/०७९ को निति, कार्यक्रम तथा बजेट*

*सभाध्यक्ष महोदय,*

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम नवौं नगरसभामा यहाँहरु समक्ष पेश गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा उपस्थित हुनु भएका अतिथि तथा सभा सदस्यज्यूहरुलाई यस थाहा नगरपालिका तथा म नगर उपप्रमुख खड्ग बहादुर गोपालीको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्दछु ।

अब म आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

**१. स्रोत परिचालनः**

(क) वि.सं. २०७१ सालदेखि सम्पत्ती कर लागू गरिएकोमा आगामि आर्थिक वर्षका लागि सम्पत्ती कर यथावत गरिनेछ । समयमा नै सम्पत्ती कर भुक्तानी गर्ने करदातालाई १० प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिइनेछ । मालपोत रजिष्ट्रेशन दरलाई आधार मानी सम्पत्ती करका दरहरुलाई समायोजन गरिनेछ ।

ख) थाहा नगरपालिका भरी पसल, व्यापार, व्यवशाय उद्योग आदि संचालन गर्ने व्यवशायीहरुबाट वार्षिक व्यवशाय कर असुल उपर गरिनेछ । व्यवशायीहरुको सुविधालाई ध्यानमा राखी वडा कार्यालयहरुबाट नै व्यवशाय दर्ता तथा नविकरण गरिने व्यवस्था गरिनेछ । थाहा नगरपालिका क्षेत्रमा घर भाडा दिइएका भवन, घर, पसल, टहरा आदिमा १० प्रतिशत घर बहाल कर लागू गरिनेछ । यस्तो बहाल कर व्यवशाय नवीकरण गर्दाकै बखतमा घरधनीहरुको र भाडा दरहरुको समेत विवरण लिइ घर भाडा कर असुल उपर गरिनेछ । यसको अनुगमन नगरपालिकाले गर्नेछ ।

ग) थाहानगर क्षेत्रमा व्यवशायीहरुले व्यवशाय दर्ता गरेर मात्र संचालन गर्ने र व्यवशाय दर्ता वा नविकरण गर्दा अनिवार्य रुपमा आफ्नो व्यवशायीक प्रतिष्ठानमा बाल श्रमिक नभएको र नराख्ने प्रतिवद्धता कार्डको व्यवस्था गरिनेछ । यस्तो कार्ड सम्बन्धीत वडा कार्यालयबाट पाउने व्यवस्था मिलाइनेछ ।

घ) नगरपालिका क्षेत्रबाट बाहिर जाने तरकारी, वनजन्य, जडिबुटि, खोटो, गिट्टी, बालुवा ढुवानी तथा अन्य निकासी कर लगाइनेछ । यस्तो सामाग्रीको कर असुल गर्दा ठेक्का पट्टाबाट असुल उपर गर्ने व्यवस्था मिलाइनेछ । ठेक्का पट्टा हुन नसकेमा अमानतबाट समेत कर असुली गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) आगामि आर्थिक वर्षको लागि सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, सेवा शुल्क, लगायत करका दरहरुलाई यथावत गरिनेछ ।

च) सार्वजनिक पर्ति, ऐलानी जग्गामा घर टहरा र संरचना बनाई व्यक्तिहरु वा जग्गा उपयोग गरिएका व्यक्तिहरुबाट वार्षिक रुपमा बहाल बेरौटी कर लिने व्यवस्थाका लागि कार्यविधि बनाइ नगरपालिकाले बहाल बेरौटी कर असुलीको लागि एक समिति बनाई परिचालन गरिने छ ।

छ) थाहानगर भित्र पाइने प्राकृतिक स्रोत र साधन र संभावित क्षेत्रहरुको खोजी गरी त्यसलाई परिचालन, व्यवस्थापन र संचालन गरी आन्तरिक आय वृद्धि गर्नका लागि पहल गरिनेछ ।

## २. पूर्वाधार विकास :

क) आर्थिक वर्ष २०७८/०७९ भित्रै राष्ट्रिय विभूति पार्क (मुलाबारी चौर) बाट चन्द्रागिरीसम्म साइकल मार्ग निर्माणको लागि संघीय सरकार, प्रदेश सरकारसंग लगानीको लागि पहल गरिने छ ।

ख) *'शुद्ध पिउने पानी, हाम्रो जिन्दगानी'* भन्ने नाराको साथ नगरका सबै घरमा संभव भएसम्म 'एक घर, एक धारा' पुऱ्याउन कार्यक्रम संचालन गरिने छ । थाहानगर वृहत्त खानेपानीको पूर्वाधार आर्थिक वर्ष २०७७/०७८ बाटै प्रारम्भ भैसकेको र नगरपालिकाबाट व्यहोर्नुपर्ने लागत सहभागिता समेत नगरपालिकाबाट व्यहोरिने छ । साना खानेपानी योजना तथा उपभोक्ता समितिको स्वामित्व क्रमशः नगर खानेपानी व्यवस्था बोर्डले अपनत्व लिई सबै खानेपानीको व्यवस्थापन बोर्ड मार्फत गर्ने व्यवस्था मिलाइने छ । खानेपानीलाई शुल्कमा आधारित बनाइनेछ ।

ग) पूर्वाधार विकासमा थाहा नगरपालिकाको बजेट सिलिङमा नपरेका र थाहा नगरपालिकाकृ बजेटलृ निर्माण हुन नसक्ने ठूला योजनाहरुलाई संघ तथा प्रदेश सरकार समक्ष पहल गरिने छ ।

घ) आगामि आर्थिक वर्षदेखि विशेष अवस्थामा बाहेक नयाँ सडकको ट्रयाक ओपन गर्ने कार्य बन्द गरिने र स्तरीयकरणलाई मात्र विशेष जोड दिइनेछ ।

ङ) आगामि आर्थिक वर्षदेखि १२ वटै वडाका वडा सडकको रुपमा विकसित गरी तीन वर्ष भित्र प्रति वडा ५ किलो मीटरको दरले ६० किलोमीटर सडक पक्की गर्ने कामको शुरुवात गरिएकोमा बजेट अभावका कारण काम सम्पन्न हुन नसकेकोले यस्ता योजनाहरु प्राथमिकतामा राखी सडक पक्की गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

च) सिंचाई र खानेपानीका योजनाहरुलाई निर्माण तथा मर्मत संभारको व्यवस्था गरिनेछ । उक्त आयोजनाहरुलाई लागत सहभागितामा संचालन गर्ने कार्य भैरहेको र आगामि वर्षमा समेत यसलाई निरन्तरता दिइने छ।

छ) नगरपालिकाले कम्तिमा ७ लाख भन्दा माथिको योजनाहरु मात्र संचालन गर्नेछ । तर नगरका विकट वडाहरु ५, ७, ८, ११ र १२ मा पाँच लाख भन्दामाथिका योजना संचालन गरिने छ । कुनै स-साना योजनाहरु संचालन तथा मर्मत संभार गर्नु परेमा वडा कार्यालयको लागि एकमुष्ट निशर्त अनुदान रकम उपलब्ध गराइनेछ । यस्तो अनुदान रकमबाट वडा समितिको निर्णय बमोजिम ७० प्रतिशत पुर्वाधार र ३० प्रतिशत प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

ज) थाहा नगरपालिका वडा नं. ४ मा रहेको नार्खु ढाँडमा बसपार्क र नयाँगाउँमा थाहा स्मारक निर्माण सम्पन्न गर्ने गरी निर्माण कार्य अन्तिम चरणमा रहेकोले यसलाई सम्पन्न गर्नको लागि निरन्तरता दिइनेछ ।

झ) थाहा नगरपालिका भरीका काठको पोल विद्युत भएका स्थानमा फलामे पोल परिवर्तन गरी नगरमा उर्जाको विकास गर्ने काम निरन्तर भैरहेको र यसलाई सम्पन्न गर्न सम्बन्धीत निकायमा पहल गरिने छ ।

ञ) विश्वकै तीन शंखमूल मध्येको पालुङ्मा रहेको शंखमूललाई धामको रुपमा विकास गर्ने कार्य सुचारु भैरहेकोमा व्यक्ति वा संस्थाको सहकार्यमा १०८ धारा निर्माण गर्ने कार्य संचालन गरिने छ ।

ट) थाहा नगरपालिका-३ स्थित काला भैरव चौरमा संचालन भैरहेको थाहा शीतभण्डार निर्माण कार्य अन्तिम चरणमा पुगेको र कोभिड-१९ का कारण काममा केही ढिलाई भएकोले आगामि वर्षमा शीतभण्डार निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

ठ) थाहा नगरपालिका वडा नं. ३ मा रहेको इन्द्रायणी चौरलाई नगरस्तरीय खेलकुद मैदानको रुपमा विकास गर्न नदीको तटबन्धन गर्ने कार्य भैरहेको र आगामि वर्षमा समेत यसको निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

ड) थाहा नगरपालिका वडा नं. ६ फलफूल बगैचामा निर्माणाधिन चिल्ड्रेन पार्कलाई निर्माण सम्पन्न गर्नको लागि शहरी विकासबाट शुरुवात भएको र उक्त कार्य अधुरो रहेको हुँदा सम्पन्न गर्नको लागि शहरी विकासमा पहल गरिने छ ।

ढ) आगामि वर्षमा फेदीगाउँ शंखमूल क्षेत्रको नदी तटबन्धन गर्ने कार्य संचालन गरिने छ ।

ण) नगरको स्वामित्वमा रहेको विभिन्न मेशिन, उपकरणहरुको प्रयोग तथा निरन्तर परिचालनलाई एकद्वार नीति अबलम्बन गरिएकोमा यसलाई आगमी वर्षमा समेत निरन्तरता दिइ मेशिन उपकरण प्रयोगलाई व्यवशायिक नभई विकासे अभियानको रुपमा नागरिकले अनुभव गरिने वातावरण बनाइनेछ ।

त) संघीय सरकारबाट थानकोट–चित्लाङ सुरुङमार्ग निर्माण गर्नका लागि संघीय सरकारको नीति, कार्यक्रम तथा बजेटमा समावेश गरिएको हुँदा उक्त सुरुङमार्ग तत्काल शुरुवातको लागि पहल गरिने छ ।

थ) थाहा नगरपालिकाको सडक चक्रपथ निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

द) थाहानगरमा भैरहेको भू–क्षय, बाढी पहिरो, नदि कटानका समस्या पहिचान गरी नियन्त्रणका लागि संघीय सरकार र प्रदेश सरकारसंग आवश्यक समन्वय तथा पहल गरिने छ ।

ध) नगरस्तरीय सेमिनार हल निर्माण गर्न जग्गा व्यवस्थापनका लागि पहल गरिने छ ।

न) जिर्ण रहेको विकास घरलाई पुर्ननिर्माण वा मर्मतका लागि सम्बन्धीत निकायहरुमा पहल गरिने छ ।

३. आर्थिक विकासः

क) कृषि क्षेत्रलाई आधुनिकीकरण, विविधीकरण, व्यवशायिकरण र यान्त्रीकीकरण गर्दै लगिनेछ । अर्गानिक खेतीमा जोड दिइने छ र कृषिको पकेट क्षेत्र घोषणा गरी कृषि अनुदानको व्यवस्था गरिनेछ । कृषि विकासको लागि प्लाष्टिक टनेल, विरुवा वितरण, मल विउ ढुवानी, हाइटेक नर्सरी स्थापना संचालन, लगायतका कृषि कार्यलाई कृषि समूह, कृषि सहकारी/कृषिफर्म मार्फत आग्रा र टिष्टुङलाई ७० प्रतिशत वडा नम्बर ५ लाई ६० प्रतिशत र अन्य वडाहरुलाई ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिनेछ । उत्कृष्ट कृषि उत्पादकलाई पुरस्कृत गरिनेछ । एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषिमा उत्पादन भएका कृषि उपज बेचबिखनलाई सर्वसुलभ बजार व्यवस्थापनको लागि बिचौलियाहरु कम गर्न सहकारीहरु मार्फत सहकारी बजार विकास कार्यक्रम संचालन गरिनेछ । नगरका किसानहरुलाई मध्येनजर गरेर साना सिंचाइका कार्यक्रम, माटो व्यवस्थापन तथा परीक्षणका कार्यक्रमहरु संचालन गरिनेछ । थाहा नगरपालिका भित्र उत्पादन भएका कृषि विरुवाहरुको लागि अनुदानको व्यवस्था गरिने छ । गाई भैसी र बाख्राको पकेट कार्यक्रम संचालन गरिने छ ।

ख)  थाहा नगरपालिका कृषि तथा पर्यटन क्षेत्रमा निकै संभावना भएको हुँदा भएको हुँदा कृषि र पर्यटन उद्योग संचलन गर्न अनुदान दिने व्यवस्था गरिनेछ । घरेलु तथा साना उद्योग संचालन गर्दा आवश्यक पर्ने सीप तथा यान्त्रीक साधनमा विशेषा अनुदान दिने व्यवस्था गरिनेछ । कृषि, पर्यटन र वन पैदवारजन्य क्षेत्रमा उद्योग संचालन गर्न चाहने उद्यमीहरुलाई आर्थिक सहयोग गर्नको लागि चालु कोषको व्यवस्था गरिनेछ । यसरी संचालन हुने उद्योगहरुको व्यवस्थापनमा सहयोग हुनेगरी आवश्यक पर्ने विद्युत पानीको आपूर्तिमा नगरपालिकाले सहजीकरण गर्नेछ । थाहानगरमा औद्योगिक ग्राम स्थापनाको लागि कार्य शुरुवात भैसकेकोले आगामि वर्षमा सम्पन्न गरी संचालनमा ल्याइने छ ।

ग) नगर क्षेत्रमा किसानहरुबाट खेतीबालीमा असुरक्षित विषाधि प्रयोग भैरहेको र कडा प्रकृतिका विरामीको संख्या वृद्धि भैरहेको सन्दर्भमा किसानहरुको स्वास्थ्यलाई मध्येनजर गरेर *‘किसान स्वास्थ्य सुरक्षा कार्यक्रम’* संचालन गर्न विषादीको लागि अपनाउनु पर्ने सुरक्षण कार्यक्रमहरुमा अनुदानको व्यवस्था गरिने छ ।

घ)  थाहानगरले तरकारी र आलु उत्पादनमा प्रसिद्धी पाइरहेको सन्दर्भमा आलु उत्पादनलाई थप बढवा दिन *‘बीउ सुरक्षा कार्यक्रम’* संचालन गरिरहेकोले सहकारी संस्थाहरु मार्फत आगामि तीन वर्ष भित्रमा नगरका सबै किसानलाई मागको आधारमा आलुको विउ वितरण गरी बीउमा आत्मनिर्भर गराइनेछ ।

ङ)  नगर क्षेत्रमा रहेका बाँझो जग्गा उपयोगमा ल्याउन चालु आर्थिक वर्षमा कोभिड–१९ का कारण संचालनमा हुन नसकेकोले आगामि वर्ष समेत निरन्तरता दिइने छ ।

थ)  कृषि लगायत स्थानीय उत्पादनलाई प्रवर्द्धनका लागि थाहानगरमा हाट बजार संचालन गर्न अध्ययन गरिने छ ।

च)  ‘एक घर, एक फलफुल’ ‘एक घर एक करेसाबारी’ नीति लिइने छ । यस कार्यक्रमका लागि ५० प्रतिशत अनुदानमा किसानहरुलाई विरुवा वितरण गरिने व्यवस्थालाई निरन्तरता दिइने छ ।

छ)  नमुना टनेल खेती, थोपा सिंचाइलगायत तरकारी खेतीमा आधुनीकरणका लागि अनुदानको व्यवस्था गरिनेछ । नमुना टनेल खेतीको थप विस्तारका लागि कृषिसंग सम्बन्धीत काम गर्ने सरकारी तथा गैर सरकारी संघसंस्थासंगको समन्वयलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

ज) कृषि बीमा कम्पनी प्रयाप्त नभएका कारण कृषि बीमा कार्यमा कठिनाई भएको हुँदा अन्य बीमा कम्पनीलाई पनि बीमा गर्ने अनुमती दिन पहल गरिने छ ।

झ) नेपालको संविधान २०७२ अनुसार तीनखम्बे अर्थनीति भएको हुँदा थाहानगरको स्थानीय राजश्व परामर्श समितिमा सहकारी क्षेत्रको समेत आमन्त्रित सदस्य हुने व्यवस्थालाई निरन्तरता दिइने छ ।

ञ) सहकारी क्षेत्रको प्रवलीकरण, प्रभावकारिता अभिवृद्धि गरी थाहा नगरपालिकाको सहकारी समन्वय मार्फत संचालन हुने गरी आमनागरिकमा वित्तिय सेवाको पहुँच विस्तार गर्ने सहकारी शिक्षा, तथा आवश्यक तालिम र कार्यक्रम संचालन गरिनेछ ।

ट) सहकारी संस्थालाई प्रोत्साहन गर्न थाहा नगरपालिकाले दुई पक्षिय सहमतीको आधारमा कर तथा दस्तुर छुट दिइने नीति लिइने छ ।

ठ) सहकारी खेती तथा सामुहिक खेती एवं सहकारी पशुपालनलाई प्रोत्साहन गर्न अनुदानमा आधारित पुरस्कारको व्यवस्था गरिनेछ ।

ड) बजारलाई स्वच्छ एवं प्रतिस्पर्धात्मक बनाउनको लागि सहकारी सुपथ मूल्य पसल संचालन भएकोमा थप सहकारीहरुलाई सहकारी सुपथ मूल्य पसल संचालन गर्न प्रोत्साहन गरिनेछ ।

ढ) कृषकको उत्पादन सुरक्षाको लागि सहकारी मार्फत विविध कृषि यन्त्र तथा उपकरणहरुमा अनुदानको व्यवस्था गरिनेछ ।

ण) कृषि सहकारी संस्था मार्फत भएका कृषि विजवृद्धि कार्यक्रमलाई प्रोत्साहन गर्न बजेटको व्यवसथा गरिनेछ ।

त) सहकारीको माध्यमबाट छरिएर रहेको पुँजीलाई एकत्रित गरी सहकारी र नगरपालिकाको साँझेदारीमा विभिन्न सीपमुलक र आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ । नगरस्तरीय सहकारी संजाल र नगरपालिकाको सहकार्य र समन्वयमा सहकारीका थप प्रभावकारी कार्यक्रमहरु संचालन गरिने छ ।

थ) सहकारी संस्था र थाहा नगरपालिकाको सहकार्यमा निर्माणाधिन थाहा शीतभण्डार आगामि आर्थिक वर्ष भित्रै सम्पन्न गरी विशिष्टीकृत सहकारी संस्थालाई शीतभण्डार संचालन गर्ने गरी हस्तान्तरण गरिने छ ।

द) स्थानीय घरेलु उद्योगहरुलाई प्रोत्साहन गरी बिक्रि कम हुने समयका तरकारीलाई सुख्खा बनाई स्वरुप परिवर्तन गरेर पुनः बिक्री गर्ने व्यवस्था गरिनेछ । आर्थिक वर्ष २०७७/०७८ मा नमुना उत्पादन गर्न थाहानगरका केही सहकारीलाई साना ड्रायर मेशिन उपलब्ध गराइ सकिएको हुँदा आगामि वर्ष लागत साँझेदारीमा पूर्वाधार निर्माण गरिने छ ।

ध) थाहा नगरलाई दुध, अण्डा र मासुमा आत्म निर्भर बनाउने कार्यक्रमलाई निरन्तरता गरिने छ । *'पशुपंक्षी पालनमा अनुदान वितरण सम्बन्धी कार्यविधि'* निर्माण गरी माग भएका वडाहरुमा पकेट कार्यक्रमहरु संचालन गरिने छ । चालु वर्षबाट शुरुवात गरीएको बाली बीमाको कार्यक्रमलाई निरन्तरता दिनको लागि प्राविधिकहरुलाई थप तालिमको व्यवस्था गरिने छ ।

न) दुध, मासु, अण्डामा नगरपालिका आत्म निर्भर बन्नका लागि आवश्यक पहल गरिने छ ।

प) कृषि यान्त्रिक उपकरण र कृषि सामाग्री किसानहरुलाई वितरण गर्दा आवश्यक कार्यविधि बनाइ कृषक आफैले खरिद गर्ने र नगरपालिकाबाट उपलब्ध हुने अनुदान रकम सिधै किसानलाई नगदै दिने व्यवस्था मिलाइनेछ ।

फ) भैसी र गाई पकेट क्षेत्रमा दुधको परिकार उत्पादनको निम्ति मागमा आधारित तालिम दिने व्यवस्था गरिने छ ।

ब) भैसी पकेट क्षेत्र जगडाँडा भौगोलिक विकटताका कारण दुध विक्रि गर्न यातायातको साधन अभाव भएकोले भोगिरहेको समस्यालाई मध्येनजर गर्दै समूह र नगरपालिकाको साँझेदारीमा यातायातको साधन उपलब्ध गराइने छ ।

भ) पशुपालन व्यवसाय विकास र विस्तारलाई कार्यविधि बनाइ थप पकेट क्षेत्र विस्तार गर्ने नीति लिइने छ । नयाँ पकेट क्षेत्र घोषाणा गरी लगानी विस्तार गरिने छ ।

म) पर्यटन प्रवर्द्धनका लागि नगर पर्यटन गुरुयोजना निर्माण भैसकेकोले पर्यटन गुरुयोजनाले पहिल्याएका क्षेत्रहरुमा आधारित भएर पर्यटन विकासका योजनाहरु संचालन गरिनेछ । गुरुयोजनामा छुट भएका योजनाहरुलाई गुरुयोजनामा समावेश गरिने छ । होटलको अनलाईनको बुकिङका लागि नगरपालिकाबाट वेभसाइट निर्माण गरी लगत साँझेदारीमा होटल संचालकहरुलाईं उपलब्ध गराइने छ ।

य) थाहा नगरपालिका, गैर सरकारी संस्था र निजी क्षेत्र समेतको सहकार्यमा पर्यटन विकास गर्नको लागि कार्यविधि बनाइ पर्यटन विकास गर्ने नीति लिइने छ ।

र) थाहा नगरपालिका वडा नम्बर ४ मा निर्माणाधिन पर्यटन पार्कलाई विकास समिति कार्यविधि बनाई संचालनमा ल्याइने छ ।

ल) वनजन्य जडिबुट्टि पहिचान तथा संरक्षणका लागि विज्ञसहितको टोली बनाई कार्यक्रम संचालन गरिने छ ।

व) स्थानीय उत्पादन बिक्रिघर (कोशेली घर) लाई यसैवर्ष संचालनमा ल्याइने छ ।

स) स्थानीय उत्पादनलाई मागको आधारमा परम्परागत सीपको आधारमा उत्पादन वृद्धि गर्न तालिम प्रदान गर्ने नीति लिइने छ । उक्त कार्यको लागि इच्छुक गैर सरकारी संस्थासंग सहकार्य गरिने छ ।

## ४. वातावरण तथा विपद व्यवस्थापनः

क) सामुदायिक वनहरुलाई नगरपालिकामा अभिलेखीकरण गरी ती सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरी विरुवा उत्पादन तथा वृक्षारोपनका कार्यक्रमहरु संचालन गरिनेछ । सामुदायिक वन क्षेत्रमा आयआर्जन हुने प्रजातिका विरुवाहरु रोप्नका लागि प्रोत्साहन गरिनेछ ।

ख) नगरको फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र बजार व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ । फोहोर व्यवस्थापन वापत प्रत्येक परिवारबाट फोहोर व्यवस्थापन शुल्क लगाई यस्तो शुल्कको परिचालन बजार व्यवस्थापन समिति र टोल विकास संस्था मार्फत गरिने कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिका क्षेत्र भित्र रहेका पालुङ, बज्रवाराही र सिमभन्ज्याङ क्षेत्रमा बनेका सेग्रीगेशन हाउसलाई थप व्यवस्थित गर्दै 'फोहोरबाट मोहोर' कार्यक्रम संचालन गरिरहेकोलाई निरन्तरता दिइने छ । फोहोर व्यवस्थापनको लागि डष्ट विन, किचेन विन, कम्पोष्ट विनलगायतका सामाग्रीहरु वितरणको लागि विकास साँझेदारहरुसंग समन्वयलाई निरन्तरता दिइने छ । नगरको समग्र फोहोर व्यवस्थापनका लागि छिमेकी पालिकाहरु समेतको सहकार्यमा ल्याण्डफिल्ड साइडको पहिचान गरी आवश्यक पूर्वाधार विकासका लागि पहल गरिनेछ ।

ग) स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवाको यकिन गर्न अस्पतालजन्य फोहोर व्यवस्थापनलाई व्यवस्थित र सुदृढीकरणमा विषेश ध्यान दिइने छ ।

## ५. सामाजिक विकासः

क) सामुदायिक विद्यालय सुधार कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ । विद्यालयहरुमा क्रमशः ल्याब व्यवस्थापन तथा कम्प्युटर व्यवस्थापन गर्दै प्रविधिमैत्री विद्यालय संचालन गरिने छ ।

ख) थाहानगर भित्रका विद्यालयहरुमा स्थानीय पहिचान सहितको (थाहा तथा रुदानेसंग सम्बन्धीत) स्थानीय पाठ्यक्रम तयार भई कक्षा ५ सम्मको अध्ययन शुरु भैसकेको हुँदा आगामि आर्थिक वर्षमा कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम लागू गरिने छ ।

ग) नगरमा विद्यालयहरु नजिकको सडकहरुको यसवर्ष अवस्था पहिचान मूल्याङ्कन गरी आगामि वर्षदेखि स्तरीकरण गरिने र पायक पर्ने विद्यालयहरुलाई केन्द्र विद्यालय तोकी विद्यालयलाई बस वा यातायातको साधन व्यवस्था गरी थोरै विद्यार्थी भएका स्कूललाई मर्ज गर्ने नीति लिइनेछ । यस वर्ष एउटा विद्यालयलाई विद्यार्थीलाई यातायातको सुविधाको लागि बस संचालन भएकोमा यसलाई अन्य विद्यालयमा समेत संचालन गर्न पहल गरिने छ ।

घ) थाहानगरका केही विद्यालयलाई आवासिय विद्यालयको रुपमा संचालनमा ल्याउन सकेमात्र हामीले खोजेको शैक्षिक परिणाम प्राप्त हुनेहुँदा आवासिय विद्यालय संचालनको लागि गैर सरकारी संस्थाहरु संगको सहकार्य गरी संचालनको प्रयास गरिनेछ ।

ङ) दरबन्दी कम भएका विद्यालयलाई दरबन्दी थप गरिदिनका लागि संघीय सरकारसंग पहल गरिने छ ।

च) नगरभित्र आवासिय विद्यालय संचालनको लागि पहल गरिने छ ।

छ) १२ वटा प्रत्येक माध्यमिक विद्यालयको कक्षा १० लाई एउटा कोठा विज्ञान प्रविधि मैत्री कोठा निर्माण गरिने छ । यस कार्यको लागि 'माइ सेकेण्ड टिचर' संस्था संग सहकार्य गरिने छ ।

ज) नगरभित्र रहेका स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुको पुर्वाधार विकास गरिनेछ । आगामी वर्षमा कोभिड-१९ र नियमित दमका रोगीहरुलाई मध्येनजर गर्दै पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा अक्सिजन प्लान्ट स्थापना गरिने छ । आग्रामा लागत सहभागितामा एम्बुलेन्स खरिदमा अनुदान दिइने छ । आवश्यक पर्ने बर्थिङ सेन्टरहरुमा सहज एम्बुलेन्स आवत जावतका लागि बर्थिङ सेन्टरसम्म जाने निरन्तर बाटो ढलान गरिने छ । कोभिड-१९ का विरामीहरुलाई अस्पताल आउन जान एम्बुलेन्स भाडामा ५० प्रतिशत छुट र अतिविपन्न नागरिकहरुलाई वडा कार्यालयको सिफारिसको आधारमा नि:शुल्क गर्ने व्यवस्था मिलाइने छ । नेपाल सरकारले कढा रोग भनी पहिचान गरिएका ८ वटा कडा रोग लागेका विरामीहरु एम्बुलेन्समा आउँदा जाँदा वर्षमा ४ पटक सम्मका लागि एम्बुलेन्स भाडामा ५० प्रतिशत छुट दिने व्यवस्था गरिने छ ।

झ) नागरिकको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनको लागि आर्थिक वर्ष २०७७/०७८ बाटै पालुङ प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रस्तावित १५ शैयाको अस्पतालको रुपमा संचालन गरिएको र भवन निर्माणको ठेक्का समेत भैसकेकोले भवन निर्माण र अन्य उपकरणहरु उपलब्ध गराउनेतर्फ पहल गरिने छ ।

ञ) थाहा नगरपालिकाका विरामीहरुलाई हेटौंडा अस्पतालमा उपचारको क्रममा कुनैपनि रगतको आवश्यकता परेमा नेपाल रेडक्रस सोसाइटीसंग सम्झौता गरी नि:शुल्क उपलब्ध

गराउन आवश्यक पहल गरीने छ । यसको लागि नेपाल रेडक्रसको सहकार्यमा ल्याब निर्माणमा सहयोग गरिने छ ।

ट) प्रदेश सरकार, मकवानपुरका सबै स्थानीय तह र जिल्ला समन्वय समितिको समन्वय र सहकार्यमा हेटौंडामा एउटा सरुवा रोग नियन्त्रण अस्पताल निर्माणको लागि बजेटको व्यवस्था गरिने छ ।

ठ) हाल संक्रमक रोगका कारण भौतिक दुरी कायम गर्न बाध्यात्मक स्थिती भई लकडाउन गर्नु परेका कारण विद्यार्थीको सिकाइमा गम्भीर असर पुगेको र भविष्यमा पनि यस्ता सरुवा रोगहरु आउने संभावनालाई मध्येनजर गरी संस्थागत र सामुदायिक शिक्षकहरुलाई भर्चुवल माध्यमबाट शिक्षकलाई तालिम प्रदान गर्ने र पठनपाठन गर्न इन्टरनेटको पहुँच पुऱ्याउन प्राविधिक अध्ययन गराइने छ । विद्यालयको प्रधानाध्यापक र लेखा कर्मचारीलाई लेखा व्यवस्थापन तालिम प्रदान गरिने छ ।

ड) हेटौंडामा रहेको मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानसंगको सहकार्य र समन्वयमा पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा मासिक रुपमा विभिन्न स्वास्थ्य विशेषज्ञद्वारा स्वास्थ्य परीक्षण गर्न सम्झौता गरी कार्य अगाडी बढाइने छ ।

ढ) कोरोना-१९ का कारणले ढिला हुन गएको श्रम तथा रोजगार मन्त्रालयबाट गरिब परिचयपत्र वितरणको लागि तथ्याङ्क संकलन भइरहेकोमा उक्त कार्य समाप्तीपछि वितरण गरिने परिचयपत्रको आधारमा पहिचान गरिएका वर्गको उत्थानको निम्ती अनुदान तथा सहुलियतहरुलाई प्राथमिता दिइने नीति लिइनेछ ।

ण) थाहा नगरका सबै नागरिकहरुलाई कोरोना भाइरस विरुद्धको खोप सुनिश्चितताको लागि पहल गरिने छ ।

त) स्वरोजगार बन्न चाहने इच्छुक वर्गलाई स्वरोजगार बनाउनको लागि मोटरसाइकल मर्मत, मोबाइल मर्मत, कम्प्युटर प्रशिक्षण लगायतको स्वरोजगार मुलक तालिम दिने व्यवस्था मिलाइनेछ ।

थ) थाहानगरमा रहेको स्वरोजगार सेवा केन्द्र मार्फत नगरको मानवस्रोतलाई परिचालन गरी रोजगार बनाउनको लागि पहल गरिने छ, नगरमा श्रम बैंकको स्थापना गरी मानव स्रोत परिचालन सम्बन्धी काम अघि बढाइने छ । श्रम बैंकमा अभिलेख भएका व्यक्तिहरुको सामुहिक बीमा गरी रोजगारसगै जीवन रक्षामा नगरपालिका प्रतिवद्ध रहने नीतिलाई निरन्तरता दिइने छ ।

द) सबै पालिकाको सहकार्यमा संचालन हुँदै आएको मकवानपुर जिल्ला स्थानीय तह अन्तराष्ट्रिय फुटबल प्रतियोगितालाई निरन्तरता दिइने छ ।

ध) युवा जमातलाई खेलकुदको माध्यमबाट अनुसाशित बनाउन नगर क्षेत्रमा विभिन्न खेलको आयोजना गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

न) थाहानगर क्षेत्रमा रहेका र नगरमा प्रभाव रहेका संचार माध्यमलाई स्थानीय सरकार लोक कल्याणकारी सन्देश उपलब्ध गराउने नीति लिइने छ । प्रत्येक चौमासिकमा जिल्लाका सञ्चारकर्मीहरुसंग अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

प) थाहानगर भित्रका जात्रा, पर्व, महोत्सव, भाषा, संस्कृतिको जगेर्ना गरिनेछ । आगामि वर्षमा भाषा संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धन गर्न विभिन्न खाले 'कल्चर प्रोग्राम' (साँस्कृतिक कार्यक्रम) संचालन गरिनेछ। निजी क्षेत्रबाट यस्ता कल्चर प्रोग्राम देखाउने गरी स्वीकृत माग भएमा अवस्था विश्लेषण गरेर स्वीकृति दिइनेछ ।

फ) आगामि आर्थिक वर्षमा महिला, जनजाति, अपांङ्ग, वृद्ध, दलित आदिको मागमा आधारित कार्यक्रम संचालन गरिनेछ । लक्षित वर्गको क्षमता विकास र आय आर्जनका कार्यक्रम संचालन गर्दा अनिवार्य व्यवशाय संचालन गर्नुपर्ने शर्त राखी मात्र स्वरोजगारका कार्यक्रमका रुपमा संचालन गर्न दिइनेछ ।

ब) नगरभित्र शुरु भइरहेका दिवासेवा केन्द्रहरुको व्यवस्थापनमा विशेष ध्यान दिइनेछ । यस्ता दिवा सेवा केन्द्रहरु अन्य स्थानहरुमा समेत निर्माण गर्दै वृद्धवृद्धाहरुलाई त्यस्ता दिवा सेवा केन्द्रहरुमा पौष्टिक आहारको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

भ) थाहा नगरक्षेत्रमा गठन भएका टोल विकास संस्थाहरुलाई दर्ता गरी प्रमाणपत्र दिइने व्यवस्था गरिने छ । टोल विकास संस्था गठन नभएका वडाहरुमा टोल विकास संस्था गठन गरिने छ ।

म) पौराणिक पोखरीहरुको पहिचान तथा संरक्षण गरिने छ ।

य) थाहानगरको साहित्य क्षेत्रलाई सुदृढ र प्रर्वधन गर्ने नीति लिइने छ ।

र) थाहा नगरपालिकाका साँस्कृतिक संरक्षण क्षेत्रहरुको पहिचान र अध्ययन गराई कार्यविधि तयार गरी त्यस्ता क्षेत्रहरुलाई साँस्कृतिक संरक्षण क्षेत्र घोषणा गरिने छ ।

## ६. संस्थागत विकासः

क) थाहा नगरपालिका अन्तर्गत स्थानीय सेवामा कार्यरत् कर्मचारीहरुको जीवन सुरक्षाको लागि जीवन बीमा तथा कर्मचारी कल्याण कोष स्थापना गरी संचालनमा समयानुकुल कोष संचालन तथा व्यवस्थापन कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

ख)  वडा सचिवहरुको कामको कार्य बोझलाई मध्येनजर गर्दै संचार तथा यातायात खर्च दिने व्यवस्था गरिने छ । उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई पुरस्कार र सम्मानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

ग)  सबै वडा कार्यालयहरुमा इन्टरनेट सहित कम्प्युटर नेटवर्किङ गरी कर र राजश्व लिइने व्यवस्थालाई निरन्तरता दिइनेछ । कर तथा राजश्व भूक्तानीलाई समय सापेक्ष बनाउँदै अनलाईन भुक्तानी प्रक्रिया शुभारम्भ गरिने छ । ११ नम्बर वडामा आगामि आर्थिक वर्ष भित्र अप्टीकल फाइबर विस्तार गरिने छ ।

घ)  नगरपालिकाले विकास योजनालाईलाई सरल छिटो छरितो गर्न थाहा नगरपालिकाको सार्वजनिक खरिद नियमावली तयार गरिसकिएकोले यसलाई कडाइकासाथ लागू गरिने छ । उपभोक्ता समितिहरुले व्यहोर्नुपर्ने लागत सहभागिता आगामि वर्षका लागि १५ प्रतिशत हुनेछ तर सामुदायिक विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय र सार्वजनिक भवनमा ५ प्रतिशत मात्र लागत सहभागिता हुने छ ।

ङ)  थाहा नगरपालिका क्षेत्रमा लागत सहभागिताको योजनालाई उच्च प्राथमिकताको साथ संचालन गरिनेछ । यसरी लागत सहभागिताका योजना संचालन गर्दा निजी क्षेत्रले सडक, खानेपानी तथा विजुली विस्तारमा ५०/५० प्रतिशत र आम सरोकारका लागि लागत सहभागिता ७०/३० सहभागितामा योजनाहरु संचालन गरिने छ ।

च)  सबै वडा कार्यालयहरुका प्रशासनिक भवन सम्पन्न भैसकेको हुँदा वडा कार्यालयबाटै प्रशासनिक कार्य संचालन गरिनेछ । वडाका पदाअधिकारीहरुको अनिवार्य कार्य विभाजन गरी सोको प्रगति वडा अध्यक्षले कार्यपालिकामा पेश गर्ने कार्यको थालनी गरिनेछ । पुराना वडा कार्यालयहरुलाई क्रमशः मर्मत संभार गरिने छ ।

छ)  उपभोक्ता समितिहरुलाई तालिम दिने, लागत स्टीमेटलाई नेपालीकरण गर्ने र उपभोक्ता समितिहरुको रकम सिधै बैंक खातामा जम्मा गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ । योजनाको सार्वजनिक सुनुवाइ, नगरस्तरमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यहरुलाई निरन्तरता दिइनेछ । यस्ता कार्यमा सर्वपक्षीय उपस्थितीलाई ध्यान दिइनेछ । योजना अनुगमन पश्चात् योजनाको १० प्रतिशत भुक्तानी हुने व्यवस्थालाई निरन्तरता दिइने छ ।

ज)  नगरपालिका कार्यालयको प्रशासनिक तथा नगरपालिकाका सबै गतिविधिलाई चुस्त दुरुस्त बनाउनको लागि अनलाइनमा तथा सम्बन्धीत सफ्टवेयरमा आधारित प्रणाली अपनाइने छ ।

झ) सीमिति स्रोतबाट असिमीत आवश्यकता पूरा गर्नुपर्ने अवस्थालाई मध्येनजर गरी जनप्रतिनीधिहरुले योजना विनियोजन गर्दा प्रभावकारीतालाई मुल्याङ्कन गर्दै योजना प्राथमिकिकरण, बजेटिङ तथा कार्यान्वयन गरिने छ ।

ञ) नगरभित्र फोरजी सेवा संचालनका लागि नेपाल टेलिकमसंग पहल गरिने छ ।

ट) जनप्रतिनीधिहरु निर्वाचित भएपश्चात् हालसम्म गरेका महत्वपूर्ण कामहरुको फोटोसहितको गतिविधिहरुको पुस्तक तयार गरी दस्तावेजको रुपमा राख्ने व्यवस्था गरिने छ ।

उल्लेखित निति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आगामि आर्थिक वर्ष २०७८/०७९ को लागि अन्तरिक स्रोत ११ करोड ८८ लाख ४९ हजार, राजश्व बाँडफाँड १६ करोड ५३ लाख ४९ हजार, संघीय सरकारबाट अनुदान ५७ करोड ५५ लाख, प्रदेश सरकारबाट अनुदान ९ करोड ६७ लाख ३४ हजार गरि जम्मा ९५ करोड ६४ लाख ३२ हजारको बजेट बाँडफाँड गरिएको व्यहोरा समेत जानकारी गराउँदछु । जसमध्ये चालु खर्चतर्फ रु ८ करोड ५७ लाख ४५ हजार र पुँजीगत तर्फ ४२ करोड ७५ लाख ८१ हजार, सशर्ततर्फ ३२ करोड ३१ लाख ६ हजार, सामाजिक सुरक्षा तर्फ १२ करोड गरी जम्मा ९५ करोड ६४ लाख ३२ हजार खर्च अनुमान पेश गरेको छु । बजेटको विस्तृत विवरण अनूसूचीमा समावेश गरेको छु ।

उल्लेखित नीति तथा कार्यक्रम र बजेटलाई, उल्लेख्य रुपमा सम्पन्न गर्नको लागि नगरपालिकाका सम्पूर्ण जनप्रतिनीधिहरु र सरोकारवाला सबैको सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ।

खड्ग बहादुर गोपाली, उपप्रमुख

थाहा नगरपालिका, इन्द्रायणी चौर, मकवानपुर ।

*मिति : २०७८ असार १० गते*

# थाहा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय इन्द्रायणी चौर**

राजश्व तथा अनुदान प्राप्तीको अनुमान

आ.व. ०७८/०७९

| शीर्षक | | आ.व. २०७७/०७८ को बजेट (रु. हजारमा) | आ.व. २०७८/०७९ को आम्दानी/खर्च (अनुमान) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| **राजस्वः** | | | |
| | **आन्तरिक स्रोतः** | | |
| १ | गत वर्षको अल्या. | ५८७९८ | ६०००० |
| २ | एकीकृत सम्पत्ति कर | ५,००० | ५,००० |
| ३ | भूमि कर/मालपोत रजिष्ट्रेशन | २० | - |
| ४ | बहाल कर | १५० | ५७८ |
| ५ | व्यवशाय कर | १,१२० | ७६५ |
| ६ | निकासी कर (कृषि तथा पशुजन्य वस्तुको) | ६,००० | ५,१५३ |
| ७ | सवारी कर (यातायात क्षेत्रको आम्दानी) | ५० | - |
| ८ | विज्ञापन कर | ५० | ५२ |
| ९ | मनोरञ्जन कर | ५० | - |
| १० | बहाल बिटौली शुल्क | १० | - |
| ११ | दस्तुर सेवा शुल्क (सिफारिस) | ३,००० | ३,००० |
| १२ | पर्यटन शुल्क | १० | - |
| १३ | नक्शापास | १,००० | २४१ |
| १४ | प्राकृतिक स्रोत रोयल्टी | - | ६,१२१ |
| १५ | प्राकृतिक स्रोत निकासी | २१,००० | १३,८१३ |
| १६ | मालपोत रजिष्ट्रेशन | ३,७०२ | २१,७८५ |
| १७ | फोहोरमैला कवाडी बिक्री | १०० | १० |
| १८ | विविध | १,००० | २,३३१ |
| **आन्तरिक श्रोत** | | **१०१,०६०** | **११८,८४९** |
| १ | संघीय सरकार वित्तिय समानिकरण | १३०६०० | १३४७०० |
| २ | संघीय सरकार राजश्व बाँडफाँड | ९८,८८४ | ९९५८१ |
| ३ | प्रदेश सरकार वित्तिय समानिकरण | १०२९६ | ११३२८ |
| ४ | प्रदेश सरकार राजश्व बाँडफाँड | ४४,८३६ | ६५,७६८ |
| **संघ र प्रदेशबाट प्राप्त हुने** | | **२८४६१६** | **३११३७७** |
| | **आन्तरिक र संघ प्रदेशबाट प्राप्त** | **३८५६७६** | **४३०२२६** |
| १ | **सशर्त अनुदान (संघ)** | २५१५०० | २७३५०० |
| २ | **सशर्त अनुदान (प्रदेश)** | २२९७० | ४९४०६ |

| शीर्षक | | आ.व. २०७७/०७८ को बजेट (रु. हजारमा) | आ.व. २०७८/०७९ को आम्दानी/खर्च (अनुमान) |
|---|---|---|---|
| २ | समपुरक अनुदान (संघ) | २०००० | १६५०० |
| ३ | समपुरक अनुदान (प्रदेश) | २९९८७ | ३०००० |
| | विशेष अनुदान (संघ) | ० | १०८०० |
| | विशेष अनुदान (प्रदेश) | ५००० | ६००० |
| | अन्य सरकारी अनुदान | ४०००० | २०००० |
| | सामाजिक सुरक्षा | १००००० | १२०००० |
| **शसर्त** | | **४६९४५७** | **५२६२०६** |
| | **कुल जम्मा** | **८५५१३३** | **९५६४३२** |

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय इन्द्रायणी चौर

### खर्च अनुमान

आ.व. ०७८/०७९

| शीर्षक | | आ.व. २०७७/०७८ को बजेट ( रु. हजारमा) | आ.व. २०७८/०७९ को आम्दानी/खर्च (अनुमान) |
|---|---|---|---|
| **खर्च** | | | |
| | **चालु खर्च** | | |
| १ | पदाअधिकारीको पारिश्रमिक | १०८९० | १०८९० |
| २ | पदाअधिकारी भत्ता | ५९८० | ५३८० |
| ३ | पदाअधिकारीहरुको प्रशासनिक खर्च | ७३२५ | ६८२५ |
| ४ | कर्मचारी तलब | ३२५५८ | २५५०० |
| ५ | करार सेवा परामर्श | १३७६४ | १३८०० |
| ६ | कार्यालय प्रशासनिक खर्च | १३९५० | १९३५० |
| ७ | भैपरी कार्यक्रम | ४००० | ४००० |
| ***जम्मा चालु खर्च*** | | ८८४६७ | **८५७४५** |
| | **पुँजीगत** | | |
| १ | म्याचिङ फण्ड | ३९४०० | ४०००० |
| २ | फर्निचर | ५०० | १००० |
| ३ | मेशिनरी औजार | १५०० | १५०० |
| ४ | सेवा तथा परामर्श | १००० | ४००० |
| ५ | नगरस्तरीय ठूला पूर्वाधार | १८८०० | १०५०० |
| ६ | वडास्तरीय साना पूर्वाधार | ११०५०० | १२९००० |
| ७ | वडास्तरीय मर्मत संभार | १२००० | १२००० |
| ८ | प्रवर्द्धनात्मक कार्यक्रम | २३०५० | ५२३५० |
| ९ | प्रशासन शाखा | १५०० | २०० |
| १० | स्वास्थ्य शाखा | २१३५१ | २६००६ |
| ११ | महिला बालबालिका ज्येष्ठ नागरिक तथा अपांग | १९०५ | ४००० |
| १२ | सामाजिक विकास शाखा | ९५३० | ६०५० |
| १३ | फोहोर मैला व्यवस्थापन शाखा | १६५० | १५०० |

| | | | |
|---|---|---|---|
| १४ | हेभी इक्युपमेन्ट व्यवस्थापन शाखा | ३९०० | १००० |
| १५ | विपद व्यवस्थापन शाखा | ९०० | ३२०० |
| १६ | सूचना शाखा | ३२२० | ४३०० |
| १७ | पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा | ५७० | ५०० |
| १८ | पर्यटन विकास शाखा | २७०० | १०५० |
| १९ | शिक्षा शाखा | १३८७९ | १४३०० |
| २० | सहकारी शाखा | ३६० | ६१० |
| २१ | पशु विकास शाखा | ५३३४ | ७९९० |
| २२ | कृषि विकास शाखा | १११५० | १२९०२ |
| २३ | सूचना प्रविधि शाखा | ३४९० | ३९०० |
| २४ | न्यायिक शाखा | १७६० | १५२४ |
| २५ | भैपरी योजना | ७२६० | ५०९९ |
| **जम्मा** | | | **३४४४८१** |
| **सशर्त तर्फ** | | | |
| १ | सशर्त अनुदान (संघ) | | २७३५०० |
| २ | सशर्त अनुदान (प्रदेश) | | ४९४०६ |
| ३ | समपुरक अनुदान (संघ) | | १६५०० |
| ४ | समपुरक अनुदान (प्रदेश) | | ३०००० |
| ५ | विशेष अनुदान (संघ) | | १०८०० |
| ६ | विशेष अनुदान (प्रदेश) | | ६००० |
| ७ | अन्य सरकारी अनुदान | | २०००० |
| ९ | **सामाजिक सुरक्षा** | | १२०००० |
| **जम्मा सशर्त खर्च** | | | **५२६२०६** |
| **कुल खर्च** | | | **९५६४३२** |